"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- ७४|१|३|२०७९|८०

चलानी नं. :-

मिति:२०८०|०१|२४

# सूचना

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ को उपदफा १ बमोजिम कसैंले पनि नगरपालिकाबाट नक्सापास नगराई नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुन:निर्माण गर्ने, तला थप गर्ने, मोहडा फेर्ने वा साबिकमा थपघट गरी झ्याल, ढोका, बार्दली, कौशी, दलान, टहरा, तवेला वा ग्यारेज बनाउने वा कम्पाउण्डवाल लगाउने कार्य गर्न नहुने भनी उल्लेख भएकोले कसैले पनि नक्सापास नगराई माथि उल्लेखित कार्य नगर्न नगराउन हुन जानकारी गराईन्छ | अन्यथा सोहि ऐनको दफा ३९ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी कसैले नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सापास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँ सम्म र पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँ सम्म जरिवाना गरी नगर प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिन सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ |

हर्कराज राई
नगर प्रमुख
धरान उपमहानगरपालिका

हर्कराज राई
नगर प्रमुख